# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं.०७६/७७
च.नं.२०६६

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

मितिः २०७६/०७/२६

विषयः न्युनतम रोजगारीमा संलग्न हुन फाराम भरेका बेरोजगार व्यक्तिहरुले अपुग कागजात र विवरण पेश गर्ने सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सबै ।
भरतपुर महानगरपालिका, भरतपुर, चितवन।

प्रस्तुत विषयमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हकसम्वन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम गत आ. व. २०७५/ २०७६ को चैत्र र वैशाख मसान्तसम्म बेरोजगार व्यक्तिहरुको लगत संकलन गर्ने कार्य सम्बन्धित वडामा नै भएको यहाँहरुलाई अवगत नै छ।

आ. व. २०७६/०७७ मा सञ्चालन गरिने आयोजनाहरुका लागि सोही बेरोजगार सूचीका व्यक्तिहरुमध्येबाट बेरोजगार छनौट गरी आयोजना संचालन गर्ने प्रयोजनका लागि नेपाल सरकारले तय गरेको रोजगार व्यवस्थापन सूचना प्रणाली(EMIS) सफ्टवेयरमा अनिवार्य प्रविष्टि गर्नु पर्दछ। उक्त प्रणालिमा प्रविष्ट गर्न फाराममा सबै विवरणहरू अनिवार्य भरेको हुनु पर्नेमा विगतमा धेरैजसो फाराममा व्यक्तिको सबै विवरण नभरी सामान्य विवरण मात्र भरेको पाइएको र पूर्ण विवरण विना सफ्टवेयरले फाराम स्वीकृत नगर्ने भएकोले अपूर्ण फारामहरु पूर्ण गर्ने प्रयोजनका लागि २०७६/०८/१० गते भित्रमा फारामले मागेका सबै विवरणहरु अनिवार्य रुपमा भर्न रोजगार सेवा केन्द्रमा उपस्थित भई वा सम्पर्क गरी पेश गरी पूर्ण गर्नुहुन अनुरोध छ। उक्त समयभित्र सूचीमा नपरेका व्यक्तिहरु चालु वर्षका कार्यक्रममा सहभागी हुन नसक्ने व्यहोरा जानकारी गराउँदै तपशिल बमोजिमका विवरण र कागजात पूर्ण रुपमा संलग्न गर्नुहुन अनुरोध छ। अन्यथा फारामहरु स्वतः रद्द हुने र सोको जिम्मेवारी स्वंम फाराम भर्ने व्यक्ति हुने व्यहोरा अनुरोध छ।

तपशिलः

१. पारिवारिक विवरणः परिवारका सम्पूर्ण सदस्यहरुको पुरा विवरण, नाम, नाता, नागरिकताको फोटोकपी, नागरिकता नं., जन्म मिति, जारी जिल्ला, जारी मिति, शैक्षिक योग्यता, हासिल गरेको सीप, रोजगारीको अवस्था, सामाजिक सुरक्षा प्राप्त गरे नगरेको, (फारामको बुँदा नं.९ को सबै विवरण अनिवार्य) नागरिकता नपाएका सदस्यको नागरिकता बाहेको सबै विवरण । फारामको ३ को (उ) मा लेखिएको पारिवारिक संख्या र ९ मा विवरण दुरुस्त मिल्नु पर्ने।

२. यथार्थ वार्षिक पारिवारिक आय अनिवार्य र निवेदकको बैंकको खाता नं. (अनिवार्य) ।

३. काम गर्न चाहेको क्षेत्रहरु निर्देशन छनोट गर्नु पर्नेछ।

४. फोटो र स्थायी बसोबास खुल्ने कागजात (विवाहित महिलाको हकमा विवाहदर्ता, अन्यत्रबाट बसाँइसरेको भए बसाँइसराईको प्रमाणपत्र) नबुझाएका व्यक्तिहरुको अनिवार्य बुझाउनु पर्ने ।

Vinod
(विनोद खराल)
रोजगार संयोजक (शा. अ.)
रोजगार सेवा केन्द्र
मोबाईल नं.:-९८४५३५६१२८

(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्‌बाटमहानगरपालिका घोषणामितिफाल्गुन २७, २०७३)

Scanned by CamScanner